घरपझोङ गाउँपालिका

# गाउँ कार्यपालिकाको कार्यालय

जोमसोम, मुस्ताङ

गण्डकी प्रदेश, नेपाल

पत्र संख्याः२०७६/७७
चलानी नं. ९५१

२०७६।१२।१३

विषयः विवरण उपलब्ध गराउनुहुन ।

**श्री वडा सचिवहरू (सबै),**
घरपझोङ गाउँपालिका, मुस्ताङ ।

विश्वव्यापी माहामारीको रूपमा फैलिरहेको COVID-19 को रोकथाम र नियन्त्रण गर्न स्थानीय तहहरूको जिम्मेवारी सम्बन्धमा सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय (सङ्घीय मामिला शाखा), सिंहदरबारको च.नं. ३९८ मिति २०७६।१२।१२ को पत्र, नोभल कोरोना रोग रोकथाम तथा नियन्त्रण उच्चस्तरीय समन्वय समितिको बैठक नं. १३, मिति २०७६।१२।१२ का निर्णयहरू र गण्डकी प्रदेश सरकारको तर्फबाट माननीय आन्तरिक मामिला तथा कानून मन्त्री श्री हरि बहादुर चुमानज्यूको हस्ताक्षर सहित जिल्ला समन्वय समिति, मुस्ताङ मार्फत् प्राप्त निर्देशनहरूको छायाँप्रति यसैसाथ संलग्न छन् । बेहोरा तत् तत् पत्रहरू तथा निर्णयहरूबाट समेत अवगत गर्नुभई तहाँ वडा अन्तर्गत यस गाउँपालिकामा विदेशबाट आएका नागरिकहरूको विवरण र तिनीहरूको हालको अवस्था सहितको दैनिक प्रतिवेदन एवम् COVID-19 को सम्बन्धमा अन्य आवश्यक विषय तथा जानकारी समेत प्रत्येक दिनको १.०० बजे सम्ममा यस कार्यालयका प्रमुख प्रशासकीय अधिकृतलाई उपलब्ध गराउनुहुन अनुरोध छ । उल्लिखित बमोजिमको विवरण तयार पार्दा वडा सचिवहरूले सम्बन्धित वडाका जनप्रतिनिधिहरू, स्वास्थ्य संस्थामा कार्यरत कर्मचारीहरू, महिला स्वयम् सेविकाहरू तथा गाउँ मुखियाहरूको समेत सहयोग लिनुहुन र सत्यतथ्यमा आधारित विवरण पठाउनुहुन समेत अनुरोध छ । दैनिक प्रतिवेदनको ढाँचा यसैसाथ संलग्न छ ।

(नेत्रप्रसाद पौडेल)
**प्रमुख प्रशासकीय अधिकृत**

बोधार्थ

श्री सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय (सङ्घीय मामिला शाखा), सिंहदरबार ।

श्री जिल्ला प्रशासन कार्यालय, मुस्ताङ ।

श्री जिल्ला समन्वय समितिको कार्यालय, मुस्ताङ ।

श्री स्वास्थ्य संस्थाहरू (सबै), घरपझोङ गाउँपालिकाः विवरण तयार पार्न सहयोग गर्नुहुन ।

श्री कर्ण थकाली (स्वास्थ्य संयोजक): उल्लिखित बमोजिमको दैनिक प्रतिवेदनको संयोजन गर्नुहुन ।

घरपझोङ गाउँपालिका

... नं. वडा कार्यालय, .......

## गाउँपालिका बाहिरबाट वा विदेशबाट आएका व्यक्तिहरूको दैनिक प्रतिवेदन

मितिः २०७६।१२।...

| वडा नं. | ठेगाना | बाहिरबाट नागरिकहरू आएको वा नआएको ? | आएको भए कुन देश वा ठाउँबाट ? | आएको भए संख्या ? | नाम नामेसी ? | आएको दिन कति भयो ? | हाल कहाँ बसेको छ ? | अवस्था कस्तो छ ? | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | | | |
| | | | | | | | | | |
| | | | | | | | | | |
| | | | | | | | | | |
| | | | | | | | | | |

(नोटः कोभिड १९ को विषयमा अन्य प्रासाङ्गिक विषयहरू भएमा छुट्टै विवरणहरू समेत तयार पारी यसैसाथ पठाउन सकिनेछ)

घरपझोङ गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालय जोमसोम, मुस्ताङ गण्डकी प्रदेश, नेपाल

(.......................)

वडा सचिव

नेपाल सरकार

# संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय

(सङ्घीय [illegible] शाखा)

सिंहदरबार, काठमाडौं ।

फोन नं: ०१-४२००५११

प.सं.

च.नं. २९८

मिति: २०७६।१२।१२

श्री प्रमुख प्रशासकीय अधिकृतहरु,

गाउँपालिका तथा नगरपालिका (सबै) ।

(१)

विषय: COVID-19 को रोकथाम र नियन्त्रणमा उच्च सतर्कता अपनाई आवश्यक तयारी गर्ने।

विश्वव्यापी महामारीको रुपमा फैलिरहेको COVID-19 को रोकथाम र नियन्त्रणमा उच्च सतर्कता अपनाई आवश्यक तयारी गर्न मन्त्रालयबाट यस अघि पटक पटक सजग गराई सकिएको छ । यस सम्बन्धमा स्थानीय तहबाट भइरहेको सजगता र सकृयता सह्राहनीय रहेको कुरा स्मरण गर्दै त्यहाँबाट निम्न विषयमा थप तयारी गर्नु हुन र यसरी तयार भएको विवरण मन्त्रालयको इमेल dreportingsystem@gmail.com मा पठाउनु हुन अनुरोध गर्दछु ।

तयार गर्नुपर्ने विवरण:

१. स्थानीय तह बाहिरबाट आउने व्यक्तिहरुलाई प्रवेशस्थलबाटै सुरक्षा निकायको सहयोगमा क्वारेण्टाइनमा राख्ने व्यवस्था मिलाउने । व्यक्तिको निजी घरमा नै क्वारेण्टाइनमा बस्न सक्ने पर्याप्त आधार भएको अवस्थामा सम्बन्धित व्यक्तिको घरमा नै क्वारेण्टाइनमा बस्ने व्यवस्था मिलाउने ।

२. वडाध्यक्ष तथा वडा समितिका सदस्यहरु, राष्ट्रसेवक, महिला स्वास्थ्य स्वयंसेविका लगायत अन्य स्वयंसेवकहरुलाई परिचालन गरी विदेशबाट आउने व्यक्तिहरुको विवरण सङ्कलन गरी निगरानीमा राख्ने । COVID-19 का कुनै लक्षण देखिएमा तत्काल स्वास्थ्यसंस्थामा पठाउने व्यवस्था मिलाउने (क्वारेण्टाइन सञ्चालन एवम् व्यवस्थापन मापदण्ड स्वीकृत भइसकेको छ) ।

३. स्थानीय तहभित्र सञ्चालनमा रहेका बृद्धाश्रम, बालगृह, धर्मशाला, मन्दिर, बौद्धविहार, मस्जिद जस्ता सामुहिक आवास रहेका स्थानहरुमा बसोबास गर्ने व्यक्तिहरुको अवस्था अनुगमन गरी

Scanned with CamScanner

नेपाल सरकार

# संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय

(संघीय मामिला ... शाखा)

सिंहदरबार, काठमाडौं ।

फोन नं: ०१-४२००५११

प.सं.

च.नं. ७६८

लगत सङ्कलन गर्ने । साथै निजहरुको न्यूनतम जीवनयापन सहज हुने गरी आवश्यक व्यवस्था मिलाउन समन्वय र सहजीकरण गर्ने ।

४. वडाभित्र अनौपचारिक क्षेत्र (जस्तै: इटाभट्टा, गलैंचा कारखाना, गार्मेण्टस)मा दैनिक ज्यालादारीमा काम गरी जीवनयापन गर्नुपर्ने अवस्थाका परिवारको सदस्य सङ्ख्या बसोबासस्थल र आश्रित व्यक्ति समेतको लगत सङ्कलन गर्ने ।

(बसन्त अधिकारी)

सह सचिव

<u>बोधार्थ:</u>

श्री प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, सिंहदरबार।

श्री गृह मन्त्रालय, सिंहदरबार ।

श्री अध्यक्ष। प्रमुखज्यूहरु,

गाउँपालिका तथा नगरपालिका (सबै) : आवश्यक सहयोग र समन्वयका लागि ।

Scanned with CamScanner

(७)

# नोभल कोरोना रोग रोकथाम तथा नियन्त्रण

## उच्चस्तरीय समन्वय समिति

बैठक संख्या : १३

मिति : २०७६।१२।१२

समय : अपरान्ह २:०० बजे

नेपाल सरकार मन्त्रिपरिषद्को मिति २०७६/११/१८ को निर्णयबाट माननीय उपप्रधानमन्त्री तथा रक्षामन्त्रीज्यूको संयोजकत्वमा गठित "नोभल कोरोना संक्रमण, रोकथाम तथा नियन्त्रण उच्चस्तरीय समन्वय समिति" को बैठक देहायका माननीय मन्त्रीज्यूहरुको संयोजकत्वमा बसी निम्नानुसार निर्णय गरियो।

उपस्थितिः

| | |
|---|---|
| माननीय उपप्रधानमन्त्री तथा रक्षामन्त्री श्री ईश्वर पोखरेल | संयोजक |
| माननीय गृहमन्त्री श्री रामबहादुर थापा | सदस्य |
| माननीय परराष्ट्रमन्त्री श्री प्रदीपकुमार ज्ञवाली | सदस्य |
| माननीय शिक्षा, विज्ञान तथा प्रविधिमन्त्री श्री गिरिराजमणि पोखरेल | सदस्य |
| माननीय कृषि तथा पशुपन्छी विकासमन्त्री श्री घनश्याम भुसाल | सदस्य |
| माननीय स्वास्थ्य तथा जनसंख्या मन्त्री श्री भानुभक्त ढकाल | सदस्य |
| माननीय उद्योग, वाणिज्य तथा आपूर्तिमन्त्री श्री लेखराज भट्ट | सदस्य |
| माननीय संस्कृति, पर्यटन तथा नागरिक उड्डयनमन्त्री श्री योगेशकुमार भट्टराई | सदस्य |
| माननीय अर्थ र संचार तथा सूचना प्रविधिमन्त्री डा. युवराज खतिवडा | सदस्य |
| मुख्य सचिव श्री लोकदर्शन रेग्मी, नेपाल सरकार | सदस्य |
| सचिव श्री नारायणप्रसाद बिडारी, प्रधानमन्त्री तथा मन्त्रीपरिषद्को कार्यालय | सदस्य सचिव |

विशेष आमन्त्रितः

माननीय उर्जा, जलस्रोत तथा सिंचाई मन्त्री श्री वर्षमान पुन

आमन्त्रितः

१. सचिव श्री महेश्वर न्यौपाने, गृह मन्त्रालय

२. सचिव श्री वैकुण्ठ अर्याल, उद्योग वाणिज्य तथा आपूर्ति मन्त्रालय

३.

दिन प्रमुख जिल्ला अधिकारीलाई उपलब्ध गराउने। यस्तो विवरण प्रमुख जिल्ला अधिकारीले राष्ट्रिय आपतकालीन कार्यसञ्चालन केन्द्रमा र सो केन्द्रले आपत्कालीन स्वास्थ्य कार्यसञ्चालन केन्द्रमा प्रत्येक दिन साँझ ६ बजेभित्र पठाउने।

११. प्रदेश र स्थानीय तहहरूले क्वारेन्टाइनको व्यवस्था गरी सञ्चालन गर्ने व्यवस्था मिलाउने।

१२. सञ्चार तथा सूचना प्रविधि मन्त्रालयले प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, गृह मन्त्रालय र स्वास्थ्य तथा जनसंख्या मन्त्रालयमा ४ अंकको टोल फ्री टेलिफोन सेवा जडान गर्ने व्यवस्था मिलाउने।

१३. सबै स्थानीय तहहरूले आ-आफ्नो क्षेत्रमा अनिवार्य रूपमा Chlorine र Bleaching Powder लगायतका Disinfectant नियमित छर्ने व्यवस्था गर्ने।

१४. विदेशबाट सामान आयात गर्ने कन्टेनर र ट्रकलाई भन्सार बिन्दुमा Disinfect स्प्रे गर्ने व्यवस्था मिलाउने।

१५. औषधि र औषधिजन्य पदार्थ आयात गर्नका लागि संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालयले चार्टर हवाइ सेवाको व्यवस्था मिलाउने।

१६. गृह मन्त्रालयले समग्र परिस्थितिको समीक्षा गरी शान्ति सुव्यवस्था कायम गर्ने।

२०७६।१२।१२

मुख्य सचिव

सचिव

१. स्वास्थ्य तथा जनसंख्या मन्त्रालय र कृषि तथा पशुपन्छी विकास मन्त्रालयले तयार गरेको स्वास्थ्य सम्बन्धी प्रोटोकल अनुसार चीनतर्फका रसुवागढी र तातोपानी नाकाबाट मालसामान आयात निर्यात कार्य सुचारु गर्ने। यस सम्बन्धी आवश्यक समन्वय गृह मन्त्रालय र अर्थ मन्त्रालयले गर्ने।

२. अति आवश्यक बैंकिङ सेवा गृह मन्त्रालय र अर्थ मन्त्रालयको समन्वयमा सुचारु गर्ने। खुल्ला राख्नुपर्ने बैंक शाखाको सूची अर्थ मन्त्रालयले गृह मन्त्रालयलाई उपलब्ध गराउने।

३. औषधि, खाद्यवस्तु, पानी, दूध, फलफूल, तरकारी, पशुपन्छी र माछाको दाना, कुखुराका चल्ला ढुवानी गर्ने र फर्केर जाने सवारी साधनलाई सुचारु गर्ने। यस्ता सवारी साधनले यात्रु ओसारपसार गर्न नपाउने।

४. औषधि उत्पादन, ग्याँस बोटलिङजस्ता कार्यमा संलग्न हुने श्रमिकहरूलाई कार्यस्थलसम्म आउन जानका लागि सम्बन्धित उत्पादक संस्थाले सवारी साधनको व्यवस्था गर्ने। गृह मन्त्रालयले सो सवारी साधनका लागि आवश्यक अनुमति दिने।

५. ठूला खाद्य स्टोर तथा पसलहरूले आवश्यक खाद्यवस्तुहरू होम डेलिभरी गर्ने व्यवस्था मिलाउने। यसका लागि गृह मन्त्रालयले सीमित संख्याका सवारी साधनलाई अनुमति दिने।

६. स्थानीय तहले वडास्तरमा दूध, तरकारी, फलफूल लगायत अन्य खाद्यवस्तु बिक्री वितरण गर्ने पसलहरूमा भीडभाड नहुने, मास्क र स्यानिटाइजरको प्रयोग गर्ने र ग्राहकहरूबीच भौतिक दूरी कायम हुने गरी सञ्चालन गर्न सहजीकरण गर्ने।

७. अति आवश्यक परी खाद्यान्न ढुवानी गर्नुपरेमा गृह मन्त्रालय, संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालय र उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालयको समन्वयमा हवाई ढुवानी गर्ने व्यवस्था मिलाउने।

८. इन्डक्सन चुल्हो प्रयोग गर्न प्रोत्साहन दिन अर्थ मन्त्रालय र ऊर्जा, जलस्रोत तथा सिंचाइ मन्त्रालयले समन्वय गरी विद्युत महसूल र भन्सार महसूल छुट दिने व्यवस्था मिलाउने।

९. गृह मन्त्रालय र संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालयको स्वीकृतिमा नेपालका विभिन्न स्थानहरूमा रहेका विदेशी नागरिकहरूलाई हवाई उद्धार गरी काठमाडौं ल्याई त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थलबाट आफ्नो देश फर्की जान सहजीकरण गर्ने। यसरी ल्याइएका विदेशीहरूलाई विमानस्थलबाटै आफ्नो देश फर्की जाने उडानको समय नमिलेको अवस्थामा सो अवधिभर विमानस्थल नजिकको होटेलमा निजहरूकै खर्चमा क्वारेन्टाइनमा राख्ने।

१०. स्थानीय तहहरूले आ-आफ्नो क्षेत्रभित्रका वडाहरूमा तेस्रो मुलुक र भारतबाट आएका व्यक्तिहरूको स्वास्थ्यसम्बन्धी विवरणसहितको अभिलेख प्रत्येक दिन अद्यावधिक गर्ने। स्थानीय स्वास्थ्य संयोजकले कोभिड-१९ को लक्षण देखिएका व्यक्तिहरूको विवरण प्रत्येक

२०७६।१२।५

मुख्य सचिव

कार्यक्रम कार्यान्वयन गर्दा बचत हुने रकमबाट रु ३ करोड सम्म थप गरी कोषको रकम वृद्दी गर्नका लागि मन्त्रिपरिषदमा सिफारिस गर्ने,

ङ. रगतको अभाव हुन नदिन सम्भव भएसम्म उच्च Immunity Power भएका इच्छुक प्रहरी कर्मचारीसँग सम्पर्क गरी गण्डकी प्रदेश प्रहरी कार्यालय मार्फत निकट समयमा रक्तदान कार्यक्रम राख्र व्यवस्था मिलाउने । यस कार्यमा प्रदेश भित्रका नेपाल रेडक्रस सोसाइटी जिल्ला शाखाहरुलाई समेत अन्य विकल्पहरुको पहिचान गर्न अनुरोध गर्ने ।

४. जिल्ला समन्वय समितिहरु मार्फत गरिने कार्यक्रम :

क. स्थानीय तहहरुमा स्थानीय विपद् व्यवस्थापन समितिको समय समयमा बैठक राखि सम्भावित संक्रमणको रोकथामका लागि रणनीति तय गरी सामाजिक विकास मन्त्रालयमा जानकारी पठाउन अनुरोध गर्ने,

ख. स्थानीय तहहरुमा मास्क, स्यानिटाइजर, लिक्विड साबुन, थर्मामिटर लगायतका सामानहरुको व्यवस्थापन गरी राख्न अनुरोध गर्ने,

ग. स्थानीय तहमा रहेका एफ एम रेडियोहरुबाट सचेतनामूलक कार्यक्रम सञ्चालन गर्न अनुरोध गर्ने,

घ. स्थानीय तहका विपद् व्यवस्थापन फोकल पर्सनहरुको सम्पर्क नं प्रचार प्रसार गराई कहिं कतै संक्रमणको लक्षण देखिएमा फोकल पर्सनलाई सम्पर्क गर्ने र त्यस्ता व्यक्तिलाई निगरानी तथा आइसोलेसनमा राख्ने वा प्रदेश स्वास्थ्य निर्देशनालयमा सम्पर्क गर्न अनुरोध गर्ने,

५. मिति २०७६।११।२१ गते बसेको बैठकले गरेका निर्णय (संलग्न) का विषयमा हालसम्मको प्रगती यस मन्त्रालयमा पठाउने ।

मानवीय हरि बहादुर चुमान
मन्त्री
आन्तरिक मामिला तथा कानून